जि.प्र.का.द.नं.:४८/०७३/०७४

साप्ताहिक

# जननिगरानी

व्यवसायीक पत्रकारीता लोकतन्त्रको आधार,
सम्वृद्ध र विकासको साझेदार

Jananigrani Weekly




वर्ष ५, अंक १२, भदौ २० गते आइतबार २०७८, 5 September Sunday 2021 नेपाल सम्वत ११४१, पृष्ठ ६ मूल्य रू. ८।-

# बीस बर्ष पुराना मुद्दाका फाईल अनुन्धान गर्दै प्रहरी

## रुपा गौतम हत्याको अनुसन्धान जारी छः प्रनि भण्डारी

**अर्जुन कार्की**
**बागलुङ**

जिल्ला प्रहरी कार्यालय बागलुङले विगत दुई दशकदेखि किनारा नलागेका मुद्दाका फाईल खोलेको छ। अनुसन्धान पुरा नभएको भन्दै अदालतबाट फिर्ता भई थन्केका ज्यान सम्बन्धी मुद्दा पुनः अनुसन्धान गर्न थालेको हो।

***घटना नम्बर १***
***मितिः २०५८ असार २४ गते***

*२०५८ असार २४ गते साविकाको हरिचौर गाविस वडा नम्बर ५ र ८ को विचमा पर्ने दरकमखोलामा एक महिलाको शब फेला पर्यो। तत्कालिन समयमा प्रहरी सहायक निरिक्षक (असई) गोपाल बहादुर थापाको टोलीले खोलामा शब फेला पारेको थियो।*

*प्रहरीले अनुसन्धान गर्दा साविक हटिया गाविस- २ बस्ने महिलाको शब भएको पुष्टि भयो। मृतकको पहिचान दिदीले खुट्टा हेरेर पत्ता लगाएपछि दिदीले नै जाहेरी दिनुभयो। उहाँले हटिया-२ कै ३७ बर्षिय ढालेन्द्र बहादुर कार्की र आफ्नो बहिनीको सम्बन्ध रहेको भन्दै समाज बोलाएर दुई जनालाई राखेर नै बहिनीलाई कार्कीको जिम्मा लगाइ पठाएको भन्दै प्रहरीमा जाहेरी दिनुभएको थियो। बहिनी जिम्मा दिएको केहि दिनमै शब फेला पर्नुले कार्कीले नै हत्या गरेको जाहेरीमा उल्लेख छ।*

*जाहेरी परेपछि प्रहरीले असार ३० गते ढालेन्द्र बहादुर कार्कीलाई पक्राउ गरी अनुसन्धान सुरु गरेको थियो। प्रहरीले अनुसन्धान गरी २०५८ साउन २४ गते जिल्ला अदालतमा अनुसन्धानको मिसिल (फाइल) पठाए पनि अदालतले अनुसन्धान पुरा नभएको र कार्कीले मृतकलाई स्विकारी लगे नलगेको उक्त समयमा उपस्थित भएका अन्य नागरिकलाई सोधी अनुसन्धान गर्न र आरोपितलाई प्रहरीले बोलाएको समयमा हाजिर हुन आदेश दिइ छोडिदिएको थियो।*

*जिल्ला प्रहरी कार्यालयले २०७८ असार १३ गते बुझ्नुपर्ने मान्छेहरुलाई फेला पारेर अनुसन्धान गरी पुनः उक्त मिसिल जिल्ला अदालतमा बुझाएको थियो। प्रहरीले तत्कालिन समयमा कार्कीले मृतक महिलासँग आफ्नो सम्बन्ध रहेको र स्विकार गरेर लगेको भन्ने साँक्षीलाई असार १३ गते फेला पारेर अनुसन्धान गरेको हो। यतिको बर्षसम्म फेला पर्न किन नसकेको भन्ने प्रश्नमा प्रहरीले उनीहरु कोहि बैदेशिक रोजगारिको लागि बाहिर गएको र कोहि बिरामी भएकोले औषधिउपचारको लागि अन्य देशमा गएको भन्ने प्रहरीलाई बयान दिएको थियो।*

*प्रहरीले असार १३ गते नै अदालतमा उक्त मुद्दा पेश गरेपनि आरोपित कार्की फेला परेनन। प्रहरीले खोजी जारी राखि साउन ५ गते घरबाट नै पक्राउ गरी जिल्ला अदालतमा हाजिर गराएको थियो। अदालतले कार्कीलाई १ लाख धरौटीमा तारेखमा छोडेको छ।*

*प्रहरीले तत्कालिन समयमा गरेको अनुसन्धानमा कार्कीले आफुले उक्त महिलालाई स्विकार गरि लगेपछि सोहि समयमा हटिया स्वास्थ्य चौकीमा बच्चा भएनभएको परिक्षणको लागि गएको तर चौकी बन्द भएकोले फर्कने क्रममा महिलाले दिदीकोमा जान्छु भन्दै हिडेको तर पछि शब फेला परेको बयान दिएका छन्। उनले १, २ दिनसम्म पनि महिला घरमा नआएकोले स्थानीयहरुसँग मिलेर खोजी गरेको र महिलाको दिदीकोमा पनि खोजीको लागि स्थानीयलाई पठाएको प्रहरीलाई बयान दिएका छन्।*

*मृतककी दिदीले कार्कीलाई जिम्मा लगाएर पठाएपछि बहिनी आफ्नो घरमा नआएको र*

..............बाँकी ६ पेजमा




---

जिल्ला प्रहरी कार्यालय बागलुङले पुराना मुद्धाहरूको फाइल खोल्न सुरू गरेसँगै दुई घटनाको अनुसन्धान पुरा गरि अदालतमा पेश गरेको हो। प्रहरी कार्यालयमा ३० वटा पुराना मुद्धाहरू दर्ता छन्।

---

# नेकपा एमाले विभाजनको विपक्षमा बागलुङका जनप्रनिधि




**जननिगरानी संवाददाता**
**बागलुङ**

देशको सबै भन्दा ठुलो पार्टी नेकपा एमाले विभाजित भए पछि जिल्ला-जिल्लामा कसले आफ्नो पक्षमा धेरै नेता, जनप्रतिनिधि र कार्यकर्ता तान्ने होड चलेको छ।

नेकपा एमालले २ जेष्ठ २०७५ कै पार्टी संगठन चलायनमान गराएर पार्टी नेता, निर्वाचित जनप्रतिनिधि र जनसंगठनलाई चलायनमान गराएको छ। नवगठित नेकपा एकीकृत समाजवादी पार्टीले हिजो समानन्तर कमिटीमा रहेका नेता, कार्यकर्तालाई समेटने प्रयोग गरेको हो।

प्रतिनिधिसभा विघटनको विपक्षमा उभिएका बागलुङ जिल्लाबाट प्रतिनिधित्व गर्ने प्रतिनिधिसभा सांसद, प्रदेशसभा सांसद तथा स्थानीय जनप्रतिनिधि पार्टी विघटनको विपक्षमा उभिएका छन्। बागलुङका विभिन्न स्थानीय तहमा नेकपा एमालेबाट प्रमुख तथा उपप्रमुखमा जितेका जनप्रतिनिधि एमालेमै रहने बताएका छन्।

पार्टी विभाजनले कम्युनिष्ट आन्दोलन कमजोर हुने भन्दै एमालेबाट निर्वाचित भएका

..............बाँकी ५ पेजमा

सृष्टि इलेक्ट्रीक एण्ड मर्मत
जिपपार्क, बागलुङ



विजुलीका सम्पूर्ण समानहरु मिक्चर, राइसकुकर, हिटर, मोवाइल तथा विदेशी लाइटको चार्जर, क्यालकुलेटर, बिजुलीको तार, वल्व, होल्डर, सिंगल फेज, 3 फेज वायरिङ गर्नुपरेमा हामलिाई सम्झनुहोस्। साथै मोटर T.V., विदेशी लाइट, ग्याँस चुलो लगायत सम्पूर्ण सामानको मर्मत पनि गरिन्छ।



प्रो. जीत बहादुर किसान
मो नं.: ९८६५३३५५७०, ९८१३००८४११
Selling Happiness
www.fewabazar.com
Online Shopping

के तपाई सनुचाँदीका गहना किन्ने सोचमा हुनुहुन्छ ? त्यसो हो भने हामीलाई सम्झनुहोस्

शुभलक्ष्मी सुनचाँदी गहना पसल
बा.न.पा.-२, जिपपार्क, बागलुङ

हाम्रा सेवाहरु:



१) आधुनिक मेशिनको माध्यमद्धारा शुद्ध छापावाल सुनका गरगहना तयारी पाउनुका साथै अर्डर बमोजिम तैयार गरिन्छ।
२) बेरुवा बाला, रिङ्ग, औंठी आदि सादा माला मेशिनद्धारा तैयार गरिन्छ।
३) कम्प्युटर तौल गरी बिल सहित दिने र लिने गरिन्छ।
४) अनुभवी कारीगढबाट पुरानो गहना देखि नयाँ गहनासम्म बनाउने गरिन्छ।
५) सम्पूर्ण आधुनिक वा पुरानो गहना बिना रसायन बनाइन्छ। ६) पुरानो गहनाले नयाँ गहना साटफेर पनि गरिन्छ। ७) सुन चाँदी खरिद बिक्री पनि गरिन्छ।

सम्पर्कः ०६८-५२२५५८/९८५७६२०८५८
प्रोः धना सुनार

के तपाई स्टुडेन्ट भिजामा जापान जाने चक्करमा हैरान हुनुभएको छ ?
के तपाईले जापान जाने चक्करमा थुप्रै लगानी गर्नुभएको छ ?
यदि त्यस्तो हो भने तपाईको जापान जाने सपना साकार पार्न हामी सघाउँछौं।



Subarashii Language Institute

हाम्रा विशेषताहरु: काठमाडौं र पोखराको सफलतापछि अब बागलुङ बजारमा



- ✔ एस एल सी वा सो भन्दा माथिका स्टुडेन्टहरुको सजिलै अप्लाई गर्न सकिने।
- ✔ तपाईले रोजको शहर तपाईले रोजेको कलेजमा अप्लाई गर्न सकिने
- ✔ अप्रिल, जुलाई, अक्टोबर तथा जनवरी चार वटै ईन्टेकमा अप्लाई गर्न सकिने।
- ✔ प्लस टु वा प्लस टु पछि ग्याप भएको तथा जुनसुकै डिभिजनको स्टुडेन्टलाई पनि सजिलै अप्लाई गर्न सकिने
- ✔ न्युन खर्चमा अप्लाई गरिने। ✔ अनुभवी प्रशिक्षक द्धारा अध्यापन गराईने।

शुभरासी ल्याङगुयज ईन्सचिच्युट
धौलागिरी चोक बागलुङ, (पञ्चकोट सुनचाँदि पसलको अगाडि)
सम्पर्क फोन नं. ०६८५२०३७३, ०६८५२०४५८, ९८४६८०७८७४, ९८४६८०३५००

तपाईको जापान जाने सपना, हाम्रो सपना
तपाईको सपना साकार पार्ने जिम्मा अव हाम्रो काँधमा

गुहेली सञ्चार सहकारी संस्था लिमिटेडद्वारा संचालित जननिगरानी साप्ताहिक

अध्यक्षः खिमबहादुर कार्की
सम्पादकः नविन शिशिर वि.क.
अतिथि सम्पादकः ढिल शिरीष
सह-सम्पादकः अर्जुन कार्की
कार्यालयः काँठेखोला गाउँपालिका-२, भीमापोखरा
सम्पर्क कार्यालयः बागलुङ नगरपालिका-२, बागलुङ
फोन नम्बरः ०६८-५२२०२४, ९८५७६२०३००, ९८५७६२५५५०
इमेलः Jananigrani.bgl@gmail.com
मुद्रणः नमुना छापाखाना,
बागलुङ नगरपालिका-३, बागलुङ


## सम्पादकीय

# राजनीतिक गतिविधिमा स्वास्थ्य सतर्कता

*विशेषत संसद विघटन पछि नेपालमा राजनीतिक गतिविधि तिव्र रुपमा अगाडी बढ्यो । संसद विघटनको विरोधमा सडक आन्दोलनसम्मको गतिविधि हुँदा त्यसले कोरोना संक्रमणको दरलाई ह्वातै माथि पुऱ्याएको थियो । त्यस यता नेपाली समाजमा राजनीतिक गतिविधि दैनिक जसो हुन थालेका छन् । अहिले नेपाली काग्रेसको महाधिवेशन, नेकपा एमाले, नवगठित नेकपा एकीकृत समाजवादी, जनता समाजवादी पार्टी, लोकतान्त्रिक समाज पार्टीको राजनीतिक क्रियासिलता निकै बढेको छ । काग्रेसको वडा अधिवेशन सुरु भएको छ ।*

*उल्लेखित अन्य पार्टीले आफ्नो पक्षमा नेता, कार्यकर्ता तान्ने होड चलेको छ । जसको कारण दैनिक जसो सामुहिक भेला, बैठक, भेटघाट हुने गरेको छ । सबै नागरिकले खोप सुविधा पाएका छैनन । जसो तसो एक डोज पाएका नागरिक दोस्रो डोजका पर्खाईमा छन् । कोरोना नियन्त्रणमा छैन । यस्तो जटिल अवस्थामा हुने राजनीतिक गतिविधिले कतै जनस्वास्थ्यमा गम्भिर असर पर्ने त होईन भन्ने चिन्ता सर्वत्र छ । यस्तो अवस्थामा राजनीतिक दलले जनस्वास्थ्यलाई वेवास्ता गर्नु मिल्दैन । नागरिकको जीवन र स्वास्थ्यलाई प्राथमिकतामा राखेर राजनीतिक गतिविधि हुनु आवश्यक छ । नागरिक नै नरहने राजनीतिक कसका लागि ? नागरिकलाई जोखिममा राखेर कुनै पनि गतिविधि गर्नु त्यो प्रतिउत्पादक हुन्छ । आफ्नो पक्षमा ठुलो भेला, समुह देखाउन गरिने राजनीतिक क्रियाकलपले समाजमा कोरोना संक्रमणलाई झनै व्यापाक बनाउन सहयोग गर्छ ।*

*कुनै पनि क्रियाकलप गर्दा जनस्वास्थ्यका मापदण्डलाई कडाईका साथ कार्यान्वयन गरेर मात्रा आफ्ना गतिविधि सञ्चालन गर्नेतर्फ सचेत बन्नुपर्छ । कोरोना अझै सकिएको छैन । विज्ञहरुले तेस्रो लहरको संकेत गरेको हुँदा त्यसलाई पनि ध्यान दिनु अनिवार्य छ । राजनीतिमा सबै जायज भन्ने गलत तर्कलाई नियन्त्रण गर्न प्रशासनले ठुलो समुहमा हुने गतिविधिलाई नियालेर आवश्यक नियन्त्रण गर्ने हिम्मत गर्नुपर्छ । निर्वाचत, पार्टी विभाजन भएको बेला राजनीति अलि चर्को हुन्छ । यो अवस्थामा देखाउने र देखाई दिने भावना बढी सक्रिय बन्ने हुँदा स्वास्थ्यको ख्याल नहुन पनि सक्छ । त्यसकारण जिल्ला कोभिड-१९ संकट व्यवस्थापन समितिले राजनीतिक दलको विशेष ध्यानकर्षण गराउनु आवश्यक छ ।*

## बागलुङका १० स्थानिय तहका प्रमुख र उपप्रमुखहरुको फोन नम्बर

### नगरपालिकाहरू

**बागलुङ नगरपालिका**
प्रमुखः जनकराज पौडेल (९८५७६२०६४९)
उपप्रमुखः सुरेन्द्र खड्का (९८५७६२०१६६)

**जैमिनी नगरपालिका**
प्रमुखः इन्द्रराज पौडेल (९८४७७२९५३६)
उपप्रमुखः लिला राना (९८५७६२२२४३)

**गल्कोट नगरपालिका**
प्रमुखः भरत गैरे (९८५७६४०७५१)
उपप्रमुखः रेनुका काउचा (९८५११४०८७९)

**ढोरपाटन नगरपालिका**
प्रमुखः देव कुमार नेपाली (९८५६०२६३३०)
उपप्रमुखः करमति पुन मगर (९८४६८३८१९०)

### गाउँपालिकाहरू

**काठेखोला गाउँपालिका**
अध्यक्षः अमर थापा (९८५७६२२५७५)
उपाध्यक्षः अर्जुन बहादुर खत्री (९८४७६३७१७४)

**ताराखोला गाउँपालिका**
अध्यक्षः प्रकाश घर्ति मगर (९८५७६६६११२६)
उपाध्यक्षः डिल कुमारी पुन (९८४७६७०१८४)

**बरेङ गाउँपालिका**
अध्यक्षः कृष्ण प्रसाद शर्मा (९८५७६२२५५१)
उपाध्यक्षः डिल कुमारी पुन (९८४७६८३०६०)

**बडिगाड गाउँपालिका**
अध्यक्षः मेहरसिंह पाईजा (९८४६८८३४६५)
उपाध्यक्षः अमर बहादुर श्रीस (९८४७२००३९८)

**निसीखोला गाउँपालिका**
अध्यक्षः तारानाथ शर्मा (९८०६१९७५११)
उपाध्यक्षः शोभा कुमारी कार्की (९८४७७२९८६६)

**तमानखोला गाउँपालिका**
अध्यक्षः जोकलाल बुढा (९८५७६२१२१९)
उपाध्यक्षः मानसरी शेरचन (९८६७६०५३९१)

# राजनीतिमा भक्तिभाव कति जायज ?



**राजनीतिको मर्म, विश्वको परिवर्तन र त्यसको संकेत छेउटुप्पो थाहा नभएका मानिस कार्यकर्ता बनेपछि, राजनीतिमा भक्ति र शक्तिको परिपाटी बस्न थालेपछि के होला !**

**दुर्गाप्रसाद खरेल**

पौराणिक कालदेखि नै नेपाली समाजमा मानिसहरूका आचरण शास्त्रहरूबाट निर्देशित हुँदै आएका छन् । शास्त्रीय मर्मअनुसार नेपाली समाज देवी-देवताको भजन गाउँदै, पुज्दै र जयजयकार गर्दै आएको छ । अध्यात्मवादमा देवताको भक्ति गर्नु, उनको गुणको बयान गर्नु र आफ्नो जीवनमा उनको गुण उतार्नु आवश्यक हुन्छ । आफ्ना इष्टदेवको पूजा आराधना, चिन्तन, मनन गरी उनको उच्च छवि मनमा राखेर भजन गर्नाले मोक्ष प्राप्त गरिन्छ भन्ने मान्यता छ ।

नेपाली समाज शास्त्र र भगवान्को शक्तिमा विश्वास गर्ने समाज भएकाले नै तर्क, मापदण्ड, विधि जस्ता वैज्ञानिक आधारमा नभई भक्त भएर शक्तिको गुणगान गर्ने चलन छ । देशको सार्वभौमसत्ता, अखण्डताको सशक्तिकरण गर्दै मुलुकलाई गरिमामय बनाउन र जनतालाई समुचित अधिकारको व्यवस्था गर्दै न्यायपूर्ण समाजको लागि राजनीति गरिन्छ तर राजनीतिमा नै विधि विधान, राजनीतिक विधि विधानबाट अनभिज्ञ, राजनीतिको मर्म, विश्वको परिवर्तन र त्यसको संकेत छेउ टुप्पो थाहा नभएका मानिस कार्यकर्ता बनेपछि, राजनीतिमा भक्ति र शक्तिको परिपाटी बस्न थालेपछि के होला ! जनतालाई जीवन यापनका न्यूनतम सुविधा समेतको व्यवस्था गर्ने प्रयत्न गर्न छाडेर भक्त बनाउन र भजन गाउने परिपाटी भए कस्तो अवस्था होला ! हो यही अवस्था वर्तमान नेपाली राजनीतिमा विद्यमान छ ।

यसरी भक्ति र शक्तिमा मदमत्त भएका अन्धभक्तहरूले कुनै व्यक्तिलाई जब देवत्वकरण गर्दछन्, तिनले व्यक्तिको कमी कमजोरी र दोष नदेखी उसैको मात्र पक्ष लिएर उही मात्र सबैभन्दा जान्ने, उसैलाई आदर्श पात्र मानेर देवताको रुपमा चित्रण गर्दछन् । कसैलाई कोही भावना र संवेदनाका कारणले मन पर्न र कोही मन नपर्न सक्छ तर कसैको कुनै पक्ष मन पर्दैमा उसलाई मात्रै महान् मान्ने, भावना र समवेदना नजोडिएको पक्षलाई दानवका रूपमा लिने राजनीतिमा हास्यास्पद, अस्वाभाविक, सभ्य र प्रगतिशील समाजका लागि विनाशकारी परम्परा हो ।

कुनै एक व्यक्तिको देवत्वकरण गरेपछि उसका प्रतिद्वन्द्वीलाई दानवीकरण गर्ने प्रक्रिया चल्दछ । वास्तवमा देवत्वकरण र दानवीकरण मानिसको व्यक्तिगत दृष्टिकोण, आफू अनुसारको व्याख्याले सिर्जना गर्ने हो । एक व्यक्तिको भक्तिभाव र अर्को व्यक्तिप्रतिको घृणा नै देवत्वकरणको विशेषता हो । देवत्वकरणले अरुलाई सम्मान, सहअस्तित्व र अधिकारको कुरालाई निषेध गर्दै शक्ति विशेषको वर्चस्वका लागि कसैलाई देवता र कसैलाई दानवका रूपमा चित्रण गर्दछ । के भक्ति र अध्यात्मले राजनीति चल्छ ? भक्तिमा भएको अर्को कमजोरी के हो भने भक्तिमा तर्क, स्वविवेक र स्वज्ञानको कुनै स्थान हुँदैन । आफ्नो सम्पूर्ण विवेक, ज्ञान र अस्तित्वलाई दबाएर एकजनालाई महाशक्ति मान्नु नै भक्तिभाव हो र उसैलाई संसारको महान् ज्ञानी, उद्धारकर्ता र पराक्रमी ठान्नुपर्दछ । शक्तिका रुपमा स्थापित पक्षका महत्व र दोषहरूको समीक्षा गर्नु मानव समाज र जनतालाई उबाट परेको फाइदा नोक्सान हिसाब गर्नु, उसका परिस्थितिजन्य बाध्यता, उसका कमी कमजोरी, उसका निहित स्वार्थ तर्फ ख्याल नगरी उसले गरेका हरेक कार्यलाई महान् र विकास र समृद्धिका लागि हो भनेर विश्वास गर्नु हो । उसका कमी कमजोरीहरू, अनैतिकताको वास्ता नगरी, मानवीय मूल्यको आधारमा तर्क र विवेक प्रयोग नगरी उसलाई देवता मान्नु हो ।

कसैलाई केही दिनुलाई पनि यो शास्त्रीय धारणाले नैतिकता र कर्तव्य भन्दा पनि दान र पुण्यका रुपमा परिभाषित गर्छ । हाम्रो समाजमा 'नैतिकता' भन्नाले भक्तिसँग गाँसिएको नैतिकता बुझिन्छ । जहाँ नैतिकता स्वभाव गुमाएर दया र पुण्य बन्छ । एउटा निरपेक्ष नैतिकता पनि हुन्छ जसमा भक्ति भन्दा पनि मानवप्रतिको प्रेम, मर्म, संवेदना र कर्तव्य प्रमुख हुन्छ तर धार्मिक नैतिकता पुण्य आर्जन गर्न मात्र काम लाग्छ । तिर्खाएकोलाई पानी दिनु र भोकालाई भोजन पनि पुण्य आर्जन गर्नलाई दिनु हो, दयाभाव हो, दान हो । किनभने शास्त्रले परापूर्वकालदेखि हामीलाई यही सिकाएको छ ।

शास्त्र लेखिएका बेलामा सामाजिक न्यायको कुनै धारणा थिएन, शासक वर्ग वा नेतामा हुनुपर्ने गुणहरूको मापदण्ड थिएन, न कुनै अदालत थियो, न मौलिक अधिकारको धारणा थियो, न संविधान थियो, न अधिकारको अवधारणा थियो, न अन्तर्राष्ट्रिय संघ संस्थाहरूको जन्म भएको थियो, न मिडियो थियो, न विकासको अवधारणा थियो, न सुशासनको धारणा थियो, न न्यायपूर्ण समाजको मान्यता थियो, सबै कुरा पदधारीको व्यक्तिगत विवेकमा चल्थ्यो । त्यतिबेलाका राजा, मन्त्री र गाउँका मुखियाहरूलाई शासन गर्नका लागि नीति नियम र अनुशासनका कुराहरू समावेश गरेर लेखिएका कुराहरू शास्त्र बने । जुन अहिले आएर उपयोगबिहीन भएका छन् तर यहाँ भक्तिमा रमाउनेहरूलाई केही फरक परेको छैन । ती भक्तिदर्शनका उपयोगिता निरर्थक साबित भइसकेको छ तर तिनै शास्त्रीय पद्धतिमा यहाँको राजनीति चलिरहेको देखिन्छ । भक्तहरूले वर्तमान समयमा पनि ती पौराणिक शास्त्रीय मूल्य र मान्यता अनुसार भजन गाउने कार्यलाई निरन्तरता दिइरहेका छन् । वर्तमान स्थापित यी सबै मानकहरू, अवधारणा र मापदण्डहरूलाई तिलाञ्जली दिई एक व्यक्तिको विवेक र इच्छालाई नै सर्वोपरि मानेर भक्ति गर्नु वर्तमानको समाज र देशको राजनीतिका लागि विडम्बनापूर्ण स्थिति हो ।

देवताहरू भए पछि दानव (राक्षस) पनि सँगै अस्तित्वमा आउँछन् । किनभने देउताले नै राक्षसहरू पैदा गर्दछन् । पाप र पुण्य, दिन र रात सँगसँगै भएजस्तो देवता र दानव पनि सँगसँगै लडाइँ गर्दछन् । देवताहरू राक्षसहरूका हातमा अमृतको घडा पार्न चाहँदैनन् । हरेक तिकडम गरेर, झुक्याएर भए पनि त्यो अमृतको घडा कसरी देवताहरूले लिन्छन् भन्ने कथा पुराण सुन्ने हरेकले सुनिसकेकै छ । देवताहरू कहिल्यै हार्दैनन् । उनीहरू पनि सही छैनन्, उनीहरू छल गर्न र अरुको अधिकार खोस्न सिपालु छन् । दानवहरू जहिल्यै पनि देवताहरूको अभीष्ट प्राप्त गर्न चाहन्छन् तर देवताहरूको छल र जालझेलका कारण जहिले पनि वञ्चित हुन्छन् ।

दानवहरूमाथि पनि कम अभियोग छैन । उनीहरू अधिकार पाए भने दुरुपयोग गर्छन्, देवताहरूलाई लुटछन् र अस्तित्व धरापमा पार्छन् भनेर देवताहरू जहिलै सन्त्रस्त हुन्छन् । अनि कुनै बेला दानवहरूले आफ्नो पराक्रम र बुद्धिमत्ताका कारणले देवताहरूमाथि विजय हासिल गरेपछि देवताहरू अर्को झन ठुला ब्रह्माजी वा यस्तै महादेवजस्ता परम शक्तिशाली देवताको भजन गाउँदै शरणमा जान्छन् र मुक्तिदाता देवताले अर्को छल गरेर दानवहरूलाई परास्त गरी देवताहरूलाई संकटबाट मुक्ति दिलाउँछन् । वास्तवमा दानवलाई

.............बाँकी ५ पेजमा

## साप्ताहिक राशिफल

*__मेषः__ बुद्धिको उपयोग गर्दा जटिल ठानिएको कार्यहरू सम्पादन हुन सक्छ । इष्टमित्रसित भेटघाट गर्ने अवसर जुट्नेछ ।*

*__बृषः__ नियमित खर्चसमेत बढ्ने योग छ र शिक्षामा वाधा आउनेछ । मंगलबारबाट रमाइलो यात्राको योग रहेको छ ।*

*__मिथुनः__ शुभकार्यको चर्चा चल्नेछ । ठूला ब्यक्तिले तपाईको मेहनतको प्रशंसा गर्नेछन् ।*

*__कर्कटः__ अचल सम्पत्ति हात पर्ने योग छ । धार्मिक, सांस्कृतिक सभासमारोहमा सरिक हुने सम्भावना छ ।*

*__सिंहः__ मनमा हर्ष, उमंग र उत्साह छाउनेछ । राजनैतिक र सामाजिक प्रतिष्ठा कायम राख्न लगानी गर्ने समय आएको छ ।*

*__कन्याः__ काममा सानातिना बाधा आउने र काम रोकिनेछ । स्वास्थ्य समस्याले पनि पिरोल्न सक्छ ।*

*__तुलाः__ चलाखी पूर्ण बोलीले कार्य सम्पादन हुनसक्छ । बुद्धिको उपयोग गर्नाले जटिल ठानिएको कामसमेत सम्पादन हुन सक्छ ।*

*__वृश्चिकः__ पुँजी बजारको लगानीले राम्रै प्रतिफल दिनेछ । प्रेम मित्रताको बन्धन कसिनुका साथै दाम्पत्य सुखमा रमाउने समय छ ।*

*__धनुः__ प्राविधिक र स्वास्थ्य विषयमा सफल हुन सकिनेछ । बन्दब्यापारको क्षेत्रमा उन्नति प्रगतिको वातावरण बन्नेछ ।*


*__मकरः__ मानसिक चिन्ता पनि बढ्नेछ । सोमबार बाट भने लाभदायक र खुसीको यात्रा हुनेछ ।*

*__कुम्भः__ एकपछि अर्को अवसर आउनाले मन प्रसन्न रहनेछ । सामाजिक क्षेत्र र नोकरीबाट मानसम्मान मिल्नेछ ।*

*__मीनः__ काम देखाएर अरूको मन लोभ्याउन सकिनेछ । परिवारसँग समय बिताउने अवसर जुट्नेछ ।*

-ज्यो.प. नारायणप्रसाद ढुलाल

स्रोतः हाम्रोपात्रो



# काठेखोला गतिविधि

## उपभोक्ता समिति गठनमा एक पक्षीय नगर्न जनमोर्चाद्वारा ध्यानाकर्षण

**जननिगरानी संवाददाता**
**बागलुङ**




राष्ट्रिय जनमोर्चा काठेखोला गाउँपालिका वडा न. ४ तंग्राममा उपभोक्ता समिति गठनमा एक पक्षीय गरिएको भन्दै गम्भीर ध्यानाकर्षण भएको जनाएको छ ।

राष्ट्रिय जनमोर्चा काठेखोला गाउँपालिका-४ तंग्रामका विष्णु कँडेलले निकालेको विज्ञप्तीमा प्रेस विज्ञप्तीमा उपभोक्ता समितिको गठन प्रक्रियामा फरक पार्टीमा आस्था राख्ने व्यक्तिहरुलाई पाखा लगाई एकलौटी ढङ्गले नेपाली काँग्रेसको हालीमुहाली हुने गरि आफ्ना कार्यकर्तालाई समितिमा राखिएको आरोप लगाईएको छ ।

मंगलबार निकालिएको विज्ञप्तीमा 'काठेखोला गाउँपालिका वडा नं.४ को कार्यालयद्वारा हाल तंग्राममा आ.व.२०७८/०७९ को बार्षिक योजना तथा कार्यक्रमको उपभोक्ता समिति गठनको कार्य अगाडी बढिरहेको छ । केही दिन अगाडी देखि सुरु गरिएको योजना उपभोक्ता समितिको गठन प्रक्रियामा फरक पार्टीमा आस्था राख्ने व्यक्तिहरुलाई पाखा लगाई एकलौटी ढंगले नेपाली काँग्रेसको हालीमुहाली हुने गरि आफ्ना कार्यकर्ताहरुलाई समितिमा राख्ने कामको सरुवात गरिएको छ ।' लेखिएको छ ।

विज्ञप्तीमा वडामा अभ्यास हुँदै आएको सहमति र सहकार्यको अभ्यासलाई नेपाली काँग्रेसको वडाले क्रमभङ्ग गरेको उल्लेख छ ।

'तंग्रामको समग्र विकासमा हामीले हिजोदेखि नै अभ्यास गर्दै आएको सहमति र सहकार्यको अभ्यासलाई नेपाली काँग्रेस नेतृत्वको वडाले क्रम भङ्ग गर्ने काम गरेको छ । यसले तंग्रामको विकासलाई अवस्य पनि हित गर्दैन । विभिन्न योजनाहरुको उपभोक्ता समिति गठन प्रक्रियामा लाभान्वित उपभोक्ताहरु मध्यबाट सर्वसम्मत ढंगबाट उपभोक्ता समिति गठन हुनुपर्नेमा वडाको सत्ता सम्मालेको पार्टी नेपाली काँग्रेसले आफ्ना कार्यकर्ताहरुलाई मात्र समितिका मुख्य मुख्य पदहरुमा राखी अन्य फरक पार्टीमा आस्था राख्ने ब्यक्तिहरुलाई योजना उपभोक्ता समितिको मुख्य पदमा कुनै पनि हालतमा अस्तिव्य स्वीकार गर्न नसक्ने गरि अगाडी बढ्नु लोकतन्त्रकै उपहास हो ।' विज्ञप्तीमा लेखिएको छ ।

विज्ञप्तीमा 'यस्ता कार्यले समाजको समुन्नत विकासमा ठूलो अन्तर द्वन्द्व सिर्जना गरेको छ भने अर्को तर्फ लाभान्वित क्षेत्रको जनताको नैसर्गीक अधिकारलाई बन्चित गरेको छ । यस कार्यप्रति हाम्रो पार्टी राष्ट्रिय जनमोर्चा काठेखोला गा.पा.४ तंग्रामको गम्भिर ध्यानाकर्षण भएको छ,' लेखिएको छ ।

विज्ञप्तीमा यस्ता कार्यलाई सच्चाउन आग्रह गरिएको छ । 'यस्ता घृणित कार्य यथासिघ्र सच्चाई पुन: सहमति र सहकार्यताका साथ अगाडी बढ्न हामी हार्दिक आग्रह गर्दछौं । साथैं केही दिन अगाडी अज्ञात ब्यक्तिहरुले काठेखोला गाउँपालिका वडा नं ४ तंग्राम स्थित श्री नारायणी माध्यमिक विद्यालयको खानेपानीको पाइप टुक्रा टुक्रा हुने गरि काटिएको घटना प्रति पनि हाम्रो पार्टी राष्ट्रिय जनमोर्चाद्वारा खेद प्रकट गर्दछौं । साथै उक्त घटनाका दोषीहरु पत्ता लगाई तुरुन्त कार्वाही गर्न समेत सम्वन्धित निकायसंग माग गर्दछौ ।' विज्ञप्तीमा उल्लेख गरिएको छ ।

## एमालेमै रहने धम्जा वडा कमिटीको निर्णय

**बाबुराम भण्डारी**
**बागलुङ**



नेकपा एमाले काठेखोला गाउँपालिका-३ धम्जा वडा कमिटी पार्टी विभाजनको विपक्षीमा उभिएको छ ।

वडा कमिटी बैठकले साविक नेकपा एमालेलाई नै थप बलियो बनाउने गरी फुटको विपक्षमा जाने निर्णय गरेको हो। वडा कमिटीको बुधबार सम्पन्न बैठकले धम्जाका नेता, कार्यकर्ता, जनप्रतिनिधिलाई एक ढिक्का भएर बलियो पार्टी निर्माणमा लाग्न आग्रह गरेको हो ।

फुटको राजनीतिले अस्थिरता, अराजकता र भुगोलमा सामाजिक सद्भाव विथोल्ने हुँदा सबैलाई एक ठाउँमा उभिन आग्रह गरेको वडा कमिटी सदस्य खुमबहादुर भण्डारीले बताउनुभयो ।

वडा कमिटीका अध्यक्ष यामबहादुर श्रीसको अध्यक्षतामा बसेको बैठकले पार्टी विभाजित भए पनि वडा कमिटी एक भएर अघि बढ्ने निर्णय गरेको हो । जिल्लामा धम्जा वडा कमिटी नेकपा एमालेको ठुलो जनमति बोक्ने क्षेत्र हो ।

केन्द्र राजनीतिमा देखिएको टुटफुट र पार्टी अन्तरसंघर्षको समिक्षा गर्दै भावि दिनमा पार्टीलाई सशक्त, सवल र सक्षम बनाउने निर्णय भएको छ ।

संविधान विघटन र पार्टी अन्तर संघर्षको बेला पार्टी संस्थापन र विपक्षमा विभाजित धम्जाको वडा कमिटी नवगठित एकीकृत समाजवादीमा नजाने निर्णय छ ।


- पक्कि शौचालय बनाई नियमित प्रयोग गरौं ।
- निम्न अवस्थामा अनिवार्य रुपमा सावुन पानीले हात धुने बानी बसालौं ।
  - # चर्पिको प्रयोग गरेपछि
  - # खाना खानु वा खुवाउनु अघि
  - # खाना बनाउनु अघि
  - # फोहोर चिज छोएपछि
- पानी शुद्धिकरण गरेर मात्र पिउने गरौं ।
- मुहानदेखि मुखसम्म पानी सुरक्षा गरौं ।
- घर आँगन सफा राखौं ।
- व्यक्तिगत सरसफाइमा ध्यान दिऔं ।
- सुधारिएको चुल्हो प्रयोग गरी घरलाई धुवा रहित बनाऔं ।
- बातावरणीय सरसफाइमा ध्यान दिऔं ।
- सरसफाइका सूचकहरू पुरा गरी आफ्नो गाउँलाई पूर्ण सरसफाई गाउँ बनाऔं ।

**काठेखोला गाउँपालिकाको कार्यालय, विहुँकोट, बागलुङ**



## काठेखोला गाउँपालिकाको सूचना

१. जन्म, मृत्यु, बसाइसराई, सम्बन्ध विच्छेद र विवाह जस्ता व्यक्तिगत घटनाहरू दर्ता गराई आफ्नो कर्तव्य निर्वाह गरौं ।
२. गाउँपालिकालाई बुझाउनुपर्ने करहरू समयमै बुझाई जिम्मेबार नागरिक बनौं ।
३. यस गाउँपालिकालाई व्यवस्थित शहर बनाउन नक्सा पास गरेर भूकम्प प्रतिरोधात्मक घरहरू निर्माण गरौं ।

**अमर बहादुर थापा**
**अध्यक्ष**

**काठेखोला गाउँपालिकाको कार्यालय, बागलुङ**






**काठेखोला गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय, बिहु, बागलुङ**


## काठेखोला गाउँपालिकका महत्वपूर्ण फोन नम्बरहरु

### वडाअध्यक्षहरू

अध्यक्षः अमर थापा
(९८५७६२२५७५)
उपाध्यक्षः अर्जुन बहादुर खत्री
(९८५७६७७०१६)

### प्रमुख प्रशासकीय अधिकृत

चुडा बहादुर कार्की
(९८५७६२०६९४)

### कार्यपालिका सदस्य

टिकासंगम विक
(९८५७६७७००९)
नैनाकली खड्का
(९८५७६७७०१३)
हेमलाल वि.क.
(९८५७६७७०१०)
जमुना कंडेल
(९८५७६७७०१२)
सारादा कुमारी थापा
(९८५७६७७०१४)
सुन्तली वि.क.
(९८५७६७७०११)

### वडाअध्यक्षहरू

वडा नम्बर १
अध्यक्षः खड्कबहादुर थापा
(९८५७६७७००१)
वडा नम्बर २
अध्यक्षः विद्यापति शर्मा
(९८५७६७७००२)
वडा नम्बर ३
अध्यक्षः यामबहादुर श्रीस
(९८५७६७७००३)
वडा नम्बर ४
अध्यक्षः केशरबहादुर थापा
(९८५७६७७००४)
वडा नम्बर ५
अध्यक्षः शिवप्रसाद कंडेल
(९८५७६७७००५)
वडा नम्बर ६
अध्यक्षः युक्तप्रशाद कंडेल
(९८५७६७७००६)
वडा नम्बर ७
अध्यक्षः प्रेम लामिछाने
(९८५७६७७००७)
वडा नम्बर ८
अध्यक्षः चित्रकला छन्त्याल
(९८५७६७७००८)



विष्णुप्रसाद शर्मा

# आइतीको सपना



'नमस्ते ! कताबाट आउनुभ'को ? हाम्रो गाउँ घुम्न आ'को हो ?' बाटोमा हिँड्दै गर्दा अनायासै सोधिएको प्रश्न ।

मैले 'हो' मात्र भनें ।

'हुम् .... कता जाने त घुम्न ! गुम्बा गाउँ जाने ?'

मैले सहमति जनाउँदै भनें 'हुन्छ'। त्यसपछि मेरो यात्राको साथी बनिन् आइती ।

आइती सिन्धुपाल्चोक जिल्लाको जुगल गाउँपालिका अन्तर्गत पर्ने गाउँमा बस्छिन्। कक्षा ८ मा पढ्दै गरेकी करिब १२ वर्षकी उनी निडर र साहसी स्वभावकी पाएँ मैले ।

मेरो पहिरन, झोला अनि क्यामरा देखेर होला उनले अनुमान गर्दै सोधिन्, 'तपाई पत्रकार कि टुरिस्ट ?' मलाई पनि सिधा जवाफ दिन मन लागेन । तर्क गर्न मन लागेर उल्टै प्रश्न सोधें, 'म को होलाजस्तो लाग्छ तिमीलाई ?'

अलि निधार खुम्च्याएर उनले भनिन्, 'जो भए पनि मलाई के ?' अनि थप्दै गइन्, 'थाहा छ तपाईलाई, हाम्रो कक्षाको दोर्जेले मेरो साथी सुनितालाई जिस्का'को नि अस्ति ! अनि मैले त हिजो थाहा पाएर त्यसको सर्टको कलर समातेर थर्काइदिएँ । केटी भनेर हेप्न मिल्छ र ?' आफ्नो साहसको कथा सुनाइन् उनले ।

'तिमी कतिमा पढ्छयौ ?' भन्ने मेरो प्रश्नमा उनले भनिन्, 'सेतीदेवी मा. वि. पाङ्गरपुर, कक्षा ८'

स्कुलकै पोसाकमा मसँगै हिँड्दै गरेकी उनले स्कुलमा गत साता भएको कार्यक्रमको बखान गरिन्, 'अघिल्लो हप्ता हाम्रो स्कुलमा बालविवाहविरूद्ध नाटक देखा'को थ्यो'नि ! त्यसमा न्यायाधीश, नेता, कलाकार अनि हाम्रो गाउँपालिकाको उपाध्यक्ष पनि आ'को थियो ।'

मैले बीचैमा सोधें, 'कस्तो लाग्यो त तिमीलाई त्यो नाटक ?'

'राम्रै थ्यो ! मलाई त नेताको भाषण र उपाध्यक्षको कुरा बढी मनपर्यो । तपाईंलाई थाहा छैन म पनि पछि गएर नेता बन्ने ।'

'किन नेता बन्ने नि ?'

'मलाई अन्याय मन पर्दैन, झगडा पनि । केटाले केटीलाई हेपेको, बा-आमाले रक्सी खाएर झगडा गरेको, केही पनि मन पर्दैन । त्यसैले सबैलाई न्याय दिन म पनि पछि उपाध्यक्ष बन्ने ।'

यति भनेर उनी सायद कुनै कल्पनामा हराउँदै थिइन् । फेरि मैले सोधें, 'किन उपाध्यक्ष ? अध्यक्ष बने हुन्छ नि !'

'हाम्रो सामाजिक पढाउने सरले भन्नु'भा न्यायिक समिति उपाध्यक्षको जिम्मेवारीमा हुन्छ रे त्यसैले म त उपाध्यक्ष नै बन्ने ।'

केही छिनको स्तब्धतालाई चिर्दै मैले सोधें, 'अनि के गर्छौ नि उपाध्यक्ष बनेर ?'

उनले आफ्ने सपना सुनाउनु अघि बाटोमा फालिएको पबजी लेखिएको चाउचाउको खोल टिपेर आफ्नो झोलामा हाल्दै भनिन्, 'म गाउँपालिकाको उपाध्यक्ष भएपछि, यी सबै पहाडको ढुंगा, माटो बेचिदिन्छु, तपाईंलाई थाहा छ ? याँ'को स्लेट, ढुंगा, बालुवा सबै काठमाडौं अनि बाहिर पनि लान्छन् नि । अनि सबै सम्म भएपछि त विकास गर्न पनि सजिलो हुन्छ । ढुंगा, माटो बेचेको पैसा पनि हुन्छ, त्यसैले विकास पनि गर्ने अनि पैसा कमाउने उद्योग पनि खोल्ने । सबै गाउँमा पुग्ने सडक बनाउने, वर्षामा पनि गाडी गुड्ने सडक, अस्पताल बनाउने तर स्कुलहरू त बनाउनै पर्दैन । भूकम्प पछि सबै राम्रो पक्की स्कुल बनिसक्यो । म त मेरो स्कुलको अंग्रेजी पढाउने सर चाहिँ फेर्छु । आफैं राम्रो नपढाउने अनि गाली पनि गर्नेः अनि नि ... मलाई फूल एकदम मन पर्छ । म त सबै स्कुलमा राम्रो -राम्रो बगैंचा बनाउन लगाउँछु, सबै हेरचाह पनि सर-मिस र विद्यार्थीले गर्ने गरेर । मैले घर नजिकै पनि फूलबारी बनाएको छु नि ! मेरो घर पसेर जानू है तपाई पनि ।' सहमति जनाउँदै मैले टाउको हल्लाएँ ।

उनको बोली अनि कुराको गहनताले मलाई मोहनी लगाएको थियो । मलाई आफू बोल्नभन्दा पनि उनकै कुरा सुन्ने तीव्र इच्छा थियो । म सुन्दै गएँ, उनी भन्दै गइन् ।

'जुगल हिमाल घुम्न जानेहरू हाम्रै घरको बाटो हुँदै जान्छन् । अनि मेरो बगैंचामा पनि हेर्दै आनन्द मान्छन्, फोटो खिच्छन् । चरा, पुतली पनि रमाउँदै बस्छन् । मलाई सारै राम्रो लाग्छ । म उपाध्यक्ष भएपछि अझै धेरै पर्यटकलाई जुगल बोलाउँछु । सुनिताको बा-आमाले त होमस्टेको तालिम पनि लिइसके ।

तर उहाँहरू रक्सी खाएपछि झगडा गर्नुहुन्छ । म नेता भएपछि रक्सी खाएर झगडा गर्ने, कुटपिट गर्नेलाई कडा सजाय दिन्छु तर सबैलाई न्याय दिन्छु । अरु के-के गर्नुपर्छ उपाध्यक्ष भएपछि तपाईंलाई था'छ ?' 'हाम्रा नेताहरूले पनि एक वर्ष मात्र व्रत बसेर (घुस नखाएर), निस्वार्थ भावले गाउँको सेवा गरे भने पाँच वर्षमा त हाम्रो गाउँमा पनि सबैले पेटभरि खान पाउथे होला नि है ?'

'सुरूमा त्यतिमात्र गर्यौ भने पुग्छ, त्यसपछि के गर्ने भनेर तिमी आफैंलाई थाहा हुन्छ' राज्य, सरकारको दायित्व यी कलिली भावी नेतामा थोपर्न मलाई मन लागेन, उनकै योजना र इच्छा सुन्न मात्र मन लाग्यो ।

उनले गम्भीर हुँदै थपिन्, 'मैले स्कुलमा आएको नेताले भनेको सुनेको, हाम्रो जुगल गाउँपालिकामा एक वर्षको लागि झन्डै पचास करोड पैसा आउँछ रे तर केही काम गरेको देखिँदैन । म त त्यो सबै पैसा जनतालाई बराबर बाँडिदिन्छु । मैले सरहरूसँग सोधेर हिसाब पनि गरेको छु नि, एक जनाको भागमा कति पैसा पर्छ भनेर । त्यसपछि त सबैसँग पैसा पनि हुन्छ, न्याय पनि पाउँछन् ।'

मैले उनको सुन्दर सपनामा शंका गर्दै सोधें, 'तिमी यति सबै काम गर्न सक्छयौ त ?'

उनले गर्व साथ भनिन्, 'सक्छु नि, किन नसक्नु ? मेरो स्कुलको इंग्लिस पढाउने सरले मात्र मलाई माया गर्नुहुन्न। अरु सर मिसहरूलाई सोध्दै काम गर्छु । अहिले स्कुलमा पढेको अनि होमवर्क गरेजस्तै । किन तपाईंलाई मैले सक्दिनँ जस्तो लाग्छ हो ?'

'तिम्रो यति राम्रो सोच र योजना छ। पक्कै सक्छौ जस्तो लाग्छ मलाई त', मैले उसको हौसला बढाउँदै भनें ।

उनले थपिन्, 'एउटा कुरा त भन्नै बिर्सेछु, मलाई गीत गाउन पनि सारै मनपर्छ नि ! म त उपाध्यक्ष भएपछि एउटा गीतको एल्बम पनि निकाल्छु ।' उनले हाँसेर मेरो मुखमा हेर्दै भनिन्, म पनि मुस्कुराएँ ।

टिनले छाएको, भुईंतले घर देखाउँदै भनिन्, 'हाम्रो घर पनि आइपुग्यो ।' 'मेमे भोक लाग्यो, खाजा के छ ?' कराउँदै आइती घरभित्र छिरिन् । पिँढीमा मकै छोडाउँदै गरेकी हजुरआमाले मेरो आतिथ्य गर्दै चिसो पानी दिनुभयो ।

आइती घरभित्र बाटै कराइन्, 'घर भन्दा अलि पर देखिएको बगैंचा मेरै हो । तपाईं पनि गएर फोटो खिचे हुन्छ ।'

उनको कुरा सिध्दिन नपाउँदै हजुरआमा थप्नुहुन्छ, 'सारै जिद्दी छे यो नातिनी, बाबु । हाम्रो बारी धेरै छैन । फूलबारी बनाएर फलाउँदै आएको अन्न किन घटाउने, फूलबारी नबना, त्यति बारीमा तँलाई दुई महिनालाई पुग्ने अन्न फल्छ भनेको त तीन दिनसम्म खान नै खाइन । मैले खाने कुरा उमार्ने ठाउँ जतिमा मात्र भए पनि फूलबारी बनाउँछु भनेपछि मन थाम्न सकिनँ, माया लाग्यो । अहिले हप्ताको एक दिन व्रत बस्छे ।'

'अहिले त राम्रो फूलबारी छ । जानु न गएर हेर्नु'

मेरो भित्री मन रोयो । बाहिर भने आँसु देखाइनँ । यति सानी नानी अनि यस्तो विशाल इच्छा, कति दृढ इच्छा शक्ति !! एक्लै घुमेर आएँ त्यो रमाइलो फूलबारी । प्रशंसा नगरी बस्नै सकिनँ ।

त्यसपछि हजुर आमाले थप्नुभयो, 'नेता बन्छु भन्छे नानी के गर्ने होला ? सारै जिद्दी छे । राजनीतिमा चलखेल हुन्छ, यसले के बुझ्ली?'

एकछिन गम्भीर हुँदै फेरि थप्नुहुन्छ, 'हुन त सबैको भलाइको लागि यसरी ब्रत बसेर भए पनि राम्रो काम गर्ने नेता भए त गाउँलाई पनि राम्रै हुन्थ्यो नि ।'

के बोल्ने, के नबोल्ने अलमलमा परिरहँदा फेरि अर्को प्रश्न तेर्सियो, 'हाम्रा नेताहरूले पनि एक वर्षमात्र व्रत बसेर (घुस नखाएर), निःस्वार्थ भावले गाउँको सेवा गरे भने पाँच वर्षमा त हाम्रो गाउँमा पनि सबैले पेटभरि खान पाउथे होला नि है ?'

म निःशब्द थिएँ । त्यसलाई चिर्दै करिब एक मिनेट पछि हतारिँदै ढोकाबाट बाहिर निस्किँदै आइतीले भनिन्, 'मलाई त घाँस काट्न जना हतार भयो। तपाईं बस्ने कि जाने ?'

'म पनि निस्कन्छु', भनेर हिँड्न लाग्दा आइतीले सोधिन्, 'तपाईंको फेसबुक छ ?'

छ भनेर जवाफ फर्काउन नपाउँदै उनले भनिन्, 'मेरो पनि छ । हामी त्यैं कुरा गरौंला है ! सुनिताको बा विदेशमा छन् । उनैले पठाइदिएको मोबाइलमा हामी फेसबुक चलाउँछौं । अनिता तामाङ भनेर म्यासेज पठाउनू है ।'

मैले सोधें, 'तिम्रो नाम त आइती हैन ?'

'हो, तर त्यो नाम राम्रो छैन रे, त्यसैले सुनिताले नै अनिता भन्ने नाम बाट खोल्देकी ।' डोको बोकेर हतारिँदै, 'पछि कुरा गरौंला, राम्ररी जानू' भनेर उनी घाँस काट्न गइन् ।

म पनि घरकी आमासँग बिदा मागेर, जुगलको भावी नेता आइतीको नेता बन्ने सपना दिमागमा खेलाउँदै तेम्बाथान जानको लागि हिँडें ।

*सेतोपाटीबाट साभार ।*

# धौलागिरी अस्पतालमा अक्सिजन प्लान्ट निर्माण सुरु

जननिगरानी संवाददाता
बागलुङ



धौलागिरि अस्पतालको बेडमा जडान गरेको अक्सिन ।
*-तस्विरः नवीन शिशिर वि.क.*

धौलागिरि अस्पताल बागलुङमा अक्सिजन प्लान्ट निर्माण गर्न थालिएको छ । कोरोना संक्रमितका जटिल बिरामी धेरै हुँदा अक्जिसन अभाव भए पछि अस्पताल परिसरमा आफ्नै अक्जिसन प्लान्ट निर्माण गर्न थालिएको हो ।

गत वैशाखदेखि असार अन्तिम सातासम्म कोरोनाका जटिल बिरामीको संख्या बढी हुँदा पोखरादेखि दैनिक एक सय २० सिलिन्डर अक्सिजन आयत गर्नुपर्ने अवस्था थियो ।

संघीय सरकारले असार अगाडी नै अक्सिजन प्लान्ट निर्माण गर्ने घोषण गरे पनि बजेट निकासा नहुँदा दुई महिना ढिलाई भएको थियो ।

सरकारले प्लान्ट निर्माण गर्न तीन करोड रुपियाँ विनियोजन गरे पनि निर्माण कम्पनी एग्रो मेडिटेकले दुई करोड ४० लाख रुपियाँमा सम्झौता गरेर काम सुरु गरेको धौलागिरि अस्पतालका प्रमुख डाक्टर सैलेन्द्र विक पोखरेलले जानकारी दिनुभयो । यस अघि गण्डकी प्रदेश सरकारले उपलब्ध गराएको ९४ लाख ४० हजार रुपियाँले २५ सैयाको बेडामा पुग्ने गरी अक्सिजन प्लान्ट तयार गरिएको थियो । अस्पतालका प्रमुख डाक्टर पोखरेलको अनुसार पुरानो प्लान्टको अक्सिजन आइसोलेसनका २५ वटा बेडसहित ७५ वटा बेडमा जडान गरिएको छ । हाईफ्लो अक्सिजन दिनुपर्ने बिरामीलाई उक्त प्लान्टले धान्न सक्दैन ।

नयाँ बन्ने प्लान्टले चौबिस घण्टामा १५० देखि १७० सिलिन्डर अक्सिजन उत्पादन गर्नेछ । अहिले २३ लाख रुपियाँ लागतमा अक्सिजन प्लान्टको पूर्वाधार तयारीको काम भैरहेको अस्पताल विकास समितिका अध्यक्ष केवी राना मगरले जानकारी दिनुभयो । धौलागिरि अस्पतालमा स्तरवृद्धि गरी दुई सय सैयाको गण्डकी प्रदेश स्तरीय उपप्रदेशिक अस्पताल बताउने तयारी छ ।

नयाँ अक्सिजन प्लान्ट तयार पछि बागलुङका सबै स्वास्थ्य संस्थालाई पुग्ने गरी अक्सिजन उत्पादन गर्ने अध्यक्ष रानाले बताउनुभयो । कोरोना संकटको बेला विभिन्न दाताले प्रदान गरेको सिलिन्डर संकलन गरेर अस्पतालमा अक्सिजन बैंक स्थापना गर्ने उहाँले बताउनुभयो ।

# आफन्तको प्रतिक्षामा दुई दशक

जननिगरानी संवाददाता
बागलुङ




तत्कालिन द्वन्द्वकालमा राज्य तथा विद्रोही पक्षबाट जबरजस्ती बेपत्ता परिएका नागरिकका आफन्त विगत दुई दशकदेखि बेत्तपाको अवस्थाबारे बेखबर छन् ।

देशमा विस्तृत शान्ति सम्झौता भएको दुई दशक बिति सक्दा पनि बेपत्ता नागरिकका परिवारले आफन्तको 'न सान न लास' पाए । न्यायको लागि द्वन्द्व पीडित समाज नेपाल बागलुङले सोमबार बेपत्ता नारिकको अवस्था सार्वजनिक गर्न माग गर्दै बागलुङ बजारको लोकतान्त्रिक चोकमा दिप प्रज्वलन गरेर स्मरण गरे । बीस वर्ष बेपत्ताको स्मरण गर्नु बाहेक अन्य देखिने गरी उनीहरुले परिमाण प्राप्त गर्न सकेनन् ।

सशस्त्र द्वन्द्वको क्रममा राज्य तथा विद्रोही पक्षबाट बागलुङका २५ जना नागरिक बेपत्ता छन् । बेपत्ता मध्ये बिजुला विक शान्ति प्रक्रिया सुरु भए पछि सम्पर्कमा आउनुभएको थियो ।

निसीखोला गाउँपालिका-४ का खुमलाल शर्माको श्रीमति सुशिला शर्मा बेपत्ताको सुचिमा नहुँदा राहत प्रक्रियामा जोडिन नसकेको न्यायको लागि द्वन्द्व पीडित समाज बागलुङका अध्यक्ष हरिप्रसाद सुवेदीले बताउनुभयो । द्वन्द्व पीडितको समस्या समाधानको लागि सरकारले सत्य निरुपण तथा मेलमिाप आयोग र बेपत्ता आयोग गठन गरेको छ ।

आयोग गठन भएको सात वर्ष विते पनि कुनै प्रगति नभएको बेपत्ता परिवारका सदस्य जशोदा शर्माले बताईन । 'मेरो श्रीमान बेपत्ता भएको बीत वर्ष भयो राज्यले उहाँले अवस्थाबारे जानकारी दिएको छैन' उहाँ भन्नुभयो 'जसको लागि बनेको आयोग हो, उसको लागि काम नगर्ने भए त्यसको के काम ।' आयोगले परिमाण दिने भन्दा पनि उजुरी मात्र लिने काम गरेको उहाँको भनाई छ ।

शान्ति सम्झौता भएको लामो समय हुँदा बेपत्ता नागरिकको वास्तविक अवस्था सार्वजनिक गर्न तत्कालन विद्रोही पक्ष र राज्य पक्ष तयार नहुनु दुःखद भएको बताउनुभयो । 'देशमा शान्ति अमन चयन कायम गर्ने भनेर विस्तृत शान्ति सम्झौता भयो' उहाँले भन्नुभयो-'द्वन्द्व पीडितले अहिले पनि न्याय पाएका छैनन, बेपत्ताहरुको अवस्था अहिलेसम्म पनि थाहा हुन सकेको छैन ।' पीडितलाई न्याय दिन राज्य चुकेको उहाँको टिप्पणी छ ।


जिल्ला प्रहरी कार्यालय बागलुङमा आइतबार निसीखोला गाउँपालिका-४ का खुमलाल शर्मा र जैमिनी नगरपालिका-१० राङखानीका बिमल केसीले आफ्नो बेपत्ता परिवारका सदस्यको खोजी कार्य गरिदिन उजुरी दिएका छन् ।

खुमलाल शर्माले १६ वर्ष अगाडि तत्कालीन विद्रोही माओवादी पक्षबाट बेपत्ता पारिएकी आफ्नी श्रीमती शुशिला शर्मा र केसीले २० वर्ष अगाडि राज्य पक्षबाट बेपत्ता पारिएका आफ्ना छोरा गणेश केसीको खोजी उजुरी दिएका हुन । तर प्रहरीले उक्त मुद्दा दर्ता गरेको छैन । प्रहरी प्रमुख कृष्णबहादुर पल्ली मगरले बेपत्ताको विषयमा मुद्दा हेर्नको लागि आयोग गठन भएको हुँदा माथिल्लो निकायसँग समन्वय गरेर थप कदम लिने प्रतिक्रिया दिनुभयो ।

## स्वास्थ्य/जीवनशैली

# कसरी खराब हुन्छ कलेजो ?

कलेजोले हाम्रो शरीरमा ५ सयभन्दा बढी काम गर्छ । यो शरीरको सबैभन्दा ठूलो भित्री अंग पनि हो, जसको लम्बाई लगभग ६ इन्च हुन्छ । तौल सावा किलोदेखि डेढ किलोसम्म हुन्छ । यो हाम्रो पेटको माथि दाहिनेतर्फ हुन्छ ।



कलेजको काम अनगिन्ती छन् । यद्यपी यसको मूख्य काम भनेको पाचन नलिकाबाट आउने रगतलाई शुद्ध गरेर पुरै शरीरमा संचार गराउने हो । रगतलाई शक्तिमा बदल्ने काम पनि कलेजोले नै गर्छ । हामी जुन औषधी सेवन गर्छौ, त्यसलाई पनि टुक्राएर शरीरमा संचार गराउने काम गर्छ । शारीरिक स्वास्थ्यका लागि यति महत्वपूर्ण कलेजो खराब त्यसबेला हुन्छ, जब हाम्रो खानपान र जीवनशैली प्रतिकुल बन्छ । हाम्रो खराब जीवनशैलीको सोझो असर कलेजोमा पर्छ । औसत ४० बर्षको उमेरसम्म कलेजोको प्रणालीमा २० प्रतिशतसम्म गिरावट आइसकेको हुन्छ । तर, शरीरमा धेरै मात्रामा विकार भयो भने कलेजो खराब हुन्छ । कलेजोको सबैभन्दा बढि बिमारीहरुको कारण रक्सी तथा सुर्तिजन्य पदार्थ र अस्वस्थ आहार हो । कलेजोमा धेरै रोग हुन सक्छन्, जसमा लीभर फेलर, लिभर क्यान्सर, लिभर एबसेस, फ्याटी लिभर र लिभर सिरोसिस प्रमुख छन् ।

कलेजो खराब हुने कारण

१. धेरै गुलियो खानेकुरा कलेजोको लागि अनुकुल हुँदैन । कलेजोले गुलियो पदार्थ एवं चिनीलाई बोसोमा बदल्ने काम गर्छ । जब हामी धेरै चिनीजन्य खानेकुरा सेवन गर्छौं, कलेजोलाई दवाव पर्छ । र, अतिरिक्त वोसो कलेजोमा जम्मा हुन्छ । यसले कलेजोलाई खराब गर्छ ।

२. लामो समयसम्म वा धेरै मात्रामा पेनकिलर तथा पारासिटामोल सेवन गर्दा पनि कलेजो खराब हुनसक्छ ।

३. मदिराजन्य पदार्थ त कलेजोको सत्रु नै हो । जब हामी मदिरा पिउँछौं, शरीरमा विषाक्त पदार्थ बढी जम्मा हुन्छ । यसले कलेजोलाई नराम्रेरी क्षति पुऱ्याउँछ ।

४. चिकित्सकको परामर्श बिना सप्लिमेन्ट खासगरी भिटामिन ए लिनु कलेजोलाई हानी पुऱ्याउनु हो ।

५. कम समयमा सुत्नु वा कम निन्द्रा लिनु पनि कलेजोको लागि राम्रो होइन । कम सुत्दा कलेजोले बोसोको प्रक्रिया पूर्ण रुपले गर्न पाउँदैन, परिणामत उक्त बोसो कलेजोमा जम्मा हुन्छ ।

६. कोक, फ्यान्टा जस्ता पेयमा कृतिम चिनी र रंग प्रयोग गरिएको हुन्छ । यसले गर्दा कलेजोमा बोजो जम्छ । रंगको रसायनले कलेजोलाई नोक्सान पुऱ्याउँछ ।

७. बर्गर, स्यान्डविच जस्ता जंकफुडको सेवनले पनि कलेजोको कार्यक्षमतामा ह्रास ल्याउँछ ।

८. चुरोट सेवन एवं धुमपानले कलेजोलाई सोझै क्षति गर्छ । चुरोटमा केहि टक्सिक केमिकल हुन्छ, जो कलेजोमा पुगेर तयसको सेल्सलाई नष्ट गर्छ ।

**यी खानेकुरा, जसले कलेजो शुद्धिकरण गर्छ**

विशेषज्ञका अनुसार केहि यस्ता खानेकुरा हुन्छन्, जसले कलेजो सफा गर्न मद्दत गर्छ । नियमित उक्त खानेकुरालाई आफ्नो डाइटमा सामेल गर्ने हो भने, कलेजो क्रमस सफा हुँदै जान्छ ।

**लसुन:** लसुनमा सेलेनियम हुन्छ, जसले कलेजोमा रहेको हानिकारक टक्सिन सफा गर्न सघाउँछ ।

**दालचिनी:** यसमा ग्लूकोज र फ्रक्टोज हुन्छ, जो कलेजोलाई स्वस्थ्य राख्न आवश्यक हुन्छ ।

**चुकन्दर :** यसमा बिटा क्यारोटिन हुन्छ, जसले कलेजोलाई स्वस्थ्य राख्छ ।

**कागति:** कागतिमा साइट्रिक एसिड हुन्छ । कलेजोलाई स्वस्थ्य राख्नका लागि यो पनि निकै उपयोगी हुन्छ ।

**आलुबखडा:** आलु बखडामा रहेको एन्टिअक्सिडेन्ट फ्रि रेडकल्सले कलेजोलाई रक्षा गर्छ ।

**ओखर:** ओखरमा ओमेगा ३ फ्याटी एसिड हुन्छ, जसले कलेजोमा जम्मा भएको टक्सिनलाई सफा गर्छ ।

**अदुवा:** अदुवामा एन्टि इन्फ्लेमेटरी र एन्टिमाइक्रोवियल गुण हुन्छ, जसले कलेजोलाई सुन्निन दिदैन ।

**बेसार:** बेसारमा करक्यूमिन हुन्छ, जसले कलेजोको प्रणालीलाई सहि राख्न मद्दत गर्छ ।

**स्याउ:** स्याउमा पेक्टिन र फ्लेवोनाइड्स हुन्छ, जसले कलेजोमा रहेको टक्सिन हटाउँछ ।

**बन्दागोभी:** बन्दामा रहेको सल्फरले कलेजोको फोहोर हटाउन सहयोग गर्छ ।

*अनलाईनखबरबाट साभार ।*

## साप्ताहिक खेल खबर

# पहिलो मैत्रीपूर्ण खेलमा नेपाल र भारतको बराबरी



काठमाडौं - नेपाल-भारत पहिलो मैत्रीपूर्ण खेल बराबरीमा सकिएको छ ।

बिहीबार दशरथ रंगशालामा भएको खेलमा नेपाल र भारतले १-१ गोलको बराबरी खेलका हुन् । सुरुवाती गोल गरेको नेपाल अग्रता जोगाउन नसक्दा बराबरीमा चित्त बुझाउन बाध्य भयो ।

नेपालको लागि अन्जन बिष्टले गोल गर्दा भारतका लागि अनिरुद्ध थापाले बराबरी गोल गरे ।

खेलमा अग्रता भने नेपालले बनायो । नेपालका अन्जन बिष्टले खेलको ३६ मिनेटमा गोल गर्दै सुरुवाती अग्रता दिलाए ।

भारतका डिफेण्डर चिङलेन्साना सिङ कोन्साम र गोलकिपर गुरप्रीत सिंहको समन्वय अभावमा अन्जनले बल खोस्दै खाली पोस्टमा गोल गरेका हुन् ।

दोस्रो हाफको ६१ मिनेटमा भारतका अनिरुद्ध थापाले खेल बराबरीमा पुऱ्याए । भारतका कप्तान सुनिल क्षेत्रीले प्रहार गरेको बल नेपालका कप्तान तथा गोलरक्षक किरणकुमार लिम्बूले पन्च गरे पनि गोल लाइनबाट अनिरुद्धले जाली चुमाएका हुन् ।

पहिलो हाफमा नेपालले गोलसँगै बल पोजिसनमा समेत पकड जमाएको थियो । भारतले पहिलो हाफमा कुनै पनि अवसर बनाउन सकेन । नेपालले भने दुई अवसर बनायो ।

यता, दोस्रो हाफमा भने भारतले सुरुवातमै तीन खेलाडी परिवर्तन गर्दै खेल आफ्नो नियन्त्रणमा लियो । बाँकी समयमा दुवै टोलीले अवसर सिर्जना गरेपनि कुनै गोल हुन सकेन ।

खेलमा नेपालमा नितिन थापाले डेब्यू गरे । च्यासल क्लब र पोखरा थण्डर्सबाट खेलेका नितिनलाई प्रशिक्षक अब्दुल्लाह अल्मुताइरीले खेलको ८५ औं मिनेटमा तेज तामाङको स्थानमा मैदान पठाएका थिए । नेपाल र भारतबिचको दोस्रो मैत्रीपूर्ण खेल आईतबार हुने छ ।

# ५५ हजारले लगाए कोरोना विरुद्धको खोप

**बागलुङ -** जिल्लाका ५५ हजार २३२ जना नागरिकले कोरोना विरुद्धको पूर्ण मात्रा खोप लगाएका छन् । विभिन्न चरणमा सञ्चालित खोप अभियानबाट ६३ हजार १७९ जनाले पहिलो मात्रा खोप लगाएका हुन । स्वास्थ्य कार्यालय बागलुङका अनुसार सात हजार ९४७ जना दोस्रो डोजको पर्खाइमा छन् । कोरोनाले आक्रान्त पारेको अवस्थामा कोभिडशिल्ड चार हजार ४४७, भेरोसेल २६ हजार ६९४, ज्यानसन १२ हजार १७८ र अस्ट्राजनेकाको ११ हजार ९१३ जनाले पूर्ण खोप पाएको स्वास्थ्य कार्यालयका खोप सुपरभाईजर राजु खत्रीले जानकारी दिनुभयो । बागलुङका धेरै जसो स्थानीय तह कोरोना संक्रमणको न्युन जोखिमको सूचीमा परेका छन् । दुई हप्ताको कडा निषेधाज्ञा पछि पुराना संक्रमिन निको हुने र नयाँ थपिने क्रम थोरै भए पछि ८५ वटा वडामध्ये ४७ वडामा संक्रमित शुन्य भएका हुन । स्वास्थ्य कार्यालय बागलुङमा शुन्य संक्रमित भएको वडालाई न्युन जोखिम एकदेखि सात जनासम्म संक्रमित भएको वडालाई मध्यम जोखिम र सात जना भन्दा बढी संक्रमित भएको वडालाई उच्च जोखिमको सुचीमा राख्ने गरेको छ । जिल्लाको दश स्थानीय तह मध्ये तमानखोला गाउँपालिकामा संक्रमित छैनन । स्वास्थ्य कार्यालयका प्रमुख सुरज गुरौका अनुसार बागलुङ नगरपालिकाको वडा नम्बर २, ३, ८, १२ र १४, गलकोट नगरपालिकाको वडा नम्बर-३ र काठेखोला गाउँपालिकाको वडा नम्बर ७ संक्रमणको उच्च जोखिममा छन् ।

---

## नेकपा...................

नगर तथा गाउँपालिकाका प्रमुख र उपप्रमुखले मुल पार्टी एमालेमै क्रियाशील रहने संकेत गरेका हुन । बागलुङ नगरपालिकाका मेयर जनकराज पौडेल काठेखोला गाउँपालिकाका अध्यक्ष अमरबहादुर थापा, बडिगाड गाउँपालिकाका अध्यक्ष मेयरसिंह पाईजा, ढोरपाटन नगरपालिकाका मेयर देवकुमार नेपाली, उपमेयर करमति पुन, जैमिनी नगरपालिकाका उपमेयर लिला राना एमाले पार्टीमै रहने बताउनुभयो ।

निर्वाचन आयोगले नेकपा एमाले र जनता समाजवादी पार्टी ( जसपा) बाट निर्वाचित प्रदेशसभा सदस्य र स्थानीय जनप्रतिनिधिलाई दल रोज्न भदौ २२ गतेसम्म समय दिएको छ । बागलुङ जिल्ला ढोर पाटन नगरपालिकाका नगर प्रमुख देवकुमार नेपालीले आफु एमालेमै रहेको उल्लेख गरे । 'विभाजनबाट होईन, एकताबाट बलियो बन्न सकिन्छ' काठेखोला गाउँपालिकाका अध्यक्ष अमरबहादुर थापाले भन्नुभयो -'पार्टी संचालनका कमीकमजोरी सच्चाएर जाने हो, भागेर समस्याको समाधान हुँदैन । अध्यक्ष थापा पार्टी विभाज हुनुपूर्वको विवाद हुँदा कुनै पनि पक्षमा देखिनुभएको थिएन ।

बागलुङ नगरपालिकाका मेयर जनकराज पौडेल र जैमिनीका उपमेयर नेकपाको विवाद हुँदा पनि नेकपा एमालेका अध्यक्ष केपी ओलीको पक्षमा रहेका थिए । नेकपा एमाले विभाजन भए पछि बागलुङबाट निर्वाचित कुनै पनि सांसद नेकपा एकीकृत समाजवादी पार्टीको पक्षमा छैनन ।

प्रतिनिधिसभा विघटनको विपक्षमा रहेका जिल्ला अध्यक्ष तथा गण्डकी प्रदेश सांसद इन्द्रलाल सापकोटा पार्टी विभाजनको विपक्षीमा छन । जिल्ला कमिटी सचिव लालबहादुर थापा नवगठित नेकपा एकीकृत समाजवादीको जिल्ला संयोजक चयन हुनुभएको छ ।

जिल्ला कमिटीका उपाध्यक्ष कृष्ण पाठक, उपसचिव विष्णु भुषाल पनि पार्टी विभाजनको पक्षमा उभिए । प्रभावशाली नेता हिर ।बहादुर केसी कुनै पनि समुहमा खुलेर लाग्नुभएको छैन । एमालेका पूर्वअध्यक्ष श्रीप्रसाद शर्मा, संविधानसभा सदस्य रामजीप्रसाद शर्मा नवगठित पार्टी निकट हुनुहुन्छ । प्रतिनिधिसभा सांसद डाक्टर सूर्य पाठक र मनकुमारी केसी तथा गण्डकी प्रदेश सांसद इन्द्रलाल सापकोटा र सावित्रा राना पनि एमालेमै छन् । बागलुङबाट राष्ट्रिय सभामा प्रतिनिधित्व गर्ने शान्ति अधिकारी नेकपा एकीकृत समाजवादीमा रहनुभएको छ ।

## राजनीतिमा..........

देवताहरूले नै त्यस्तो बनाएका हुन् । देवताहरूको एकछत्र वर्चस्व र छलबाट जब कोही आजित भएर अस्त्र उठाउँछ तब तिनलाई दानव भनेर अस्त्रबाट सम्भव नभए कपट र छलबाट दबाउने प्रयत्न गरिन्छ । यो देवताहरूको अभिन्न संस्कार हो । यसरी देवत्वकरणले दानवीकरण पनि गरिरहेको हुन्छ ।

राजनीतिमा देव र दानवको अभीष्ट भनेको सत्ता हो । जब सत्तामा देव वा दानव पुग्छ तब छल कपट र शक्तिसंघर्ष चुलिन्छ । एकतर्फले विधानको दुहाइ व्याख्या गर्दछ भने अर्काथरीले आफ्ना भक्तलाई परिचालन गरेर सत्ताधारीलाई खसाल्न उद्यत हुन्छ । सत्ता र राजनीतिबाट विपक्षीलाई खुइल्याउन सकेन भने भजन गाउँदै अन्ततः यिनीहरू दानवरूपी प्रतिपक्षलाई स्खलित गर्न बाह्य शक्तिको शरणमा जान्छन् । अनि राज्यको अवस्थाको मतलबै नराखी कार्यकर्ताहरू भक्तको भूमिकामा जयजयकार मनाइरहेका हुन्छन् ।

भक्त र भगवान्को चर्चा यतिमै सकिँदैन । भक्तहरू जतासुकै जहाँ पनि हुन्छन् । समय समयमा राजनीतिमा नौलो देवताको प्रादुर्भाव हुन्छ । भक्तहरूले समय अनुसार भगवान् पैदा गरिहरन्छन् कुनै अमुक पात्रलाई भगवान् साबित गर्न सडकमा जयजयकार शुरू गरिहाल्छन् । भक्तहरूले कहिले कुन देवतालाई उच्च स्थानमा राख्दछन् भने कहिले कुन देवतालाई । कुनैलाई स्थान झारेर राखिदिन्छन् । कहिले दानवका रुपमा चित्रित गर्छन् । यसरी देवताहरूलाई कुन स्थानमा राख्ने भन्ने कुरा भक्तहरूका हातमा हुन्छ । देवताहरूलाई भक्तको धेरै माग हुन्छ । सौभाग्यले भक्तहरू बहुमुखी हुन्छन् । एउटा भगवान्को भक्तले अर्को भगवान् पनि पुज्न सक्छ । राजनीतिमा यस्तो अनौठो भक्तिप्रवृत्ति देखिएको छ । भक्तहरू पनि धेरै कोटिका हुन्छन् । एक खालका भक्तहरू देवताका लागि मरिमेट्छन् । उनीहरू फूल नैवेद्य लिएर चढाउन जाँदैनन् तर भगवान्का कामका मानिस हुन्छन् । इष्ट देवताको विरोध गर्ने र विधि विधान, अधिकार र कानुनका कुरा गर्नेहरूलाई तह लगाउनदेखि देवताको मानमर्दन गर्नेहरूलाई थर्काउनु, बजाउनु त्यो तप्काका भक्तहरूको काम हो । त्यो किसिमका भक्तहरूले नै उक्त देवताको मान, इज्जत र प्रतिष्ठा कायम गर्न भूमिका खेल्दछन् । त्यस्ता भक्तलाई देवताले राज्यको ढुकुटी नाश गरेर भए पनि पोस्छन् । अर्काथरी भक्तहरू आस्थाका लागि आफ्नो भडि्कएको मन शान्त पार्न मात्र आफ्नो इष्टको दर्शन गर्दछन् । उनीहरूलाई लिनु दिनु केही हुँदैन । उनीहरू शक्ति आर्जन गर्न भक्त भएका होइनन् । अर्काथरी मौसमी र सौदाबाज भक्त हुन्छन् जो आफ्नो स्वार्थ सिद्ध गर्न मात्र भक्ति गरिटोपल्छन् । उनीहरू आफ्नो अभीष्ट पुरा हुने विश्वासका साथ पूजाको थालीभरि पाठो, परेवा, कुखुरा वा यस्तै नैवेद्य लिएर जान्छन् । भगवान् त्यस्ता खाले भक्तहरूलाई विशेष चाख लिन्छन् । कुनै भक्त भने झन्डारुपी फूलपातीले नै भगवान् सन्तुष्ट हुने कुरामा विश्वास गर्छन् । अघिपछि खासै नजरमा नपरेका र भगवान्ले ठेका लिनु नपरेका यो किसिमका भक्तहरू पनि देवताको शक्ति देखाउनु परेमा काम लाग्छन् । यो तीनवटा आपसमा मेल नखाने भक्तिको मापदण्ड देखिन्छ । दोस्रो र तेस्रो कोटिका भक्तहरू देवताका नजरमा खासै पर्दैनन् ।

वर्तमान नेपाली समाज र शासनमा नेता र कार्यकर्ताको सम्बन्ध भक्त र भगवान्जस्तो छ । भक्त र भगवान्को जयजयकार, शक्तिको लागि प्रतिस्पर्धा र सत्ताको लागि 'ब्रह्माजी' र 'महादेव'को गुहार माग्ने यो पुरातन शास्त्रीय व्यवस्थामा देशको अस्मिता, स्वाभिमान, जनताका आवश्यकता र भावनामाथि चरम घात र सुशासनको भावनामाथि कुठाराघात भएको छ । भक्तलाई सुशासनसँग मतलब छैन । भुइँमान्छेहरूको अधिकारसँग कुनै मतलब छैन । देशको अस्मिता धरापमा पर्नु/नपर्नु उसको चासो होइन, किसानको अवस्था उसलाई बुझ्नु छैन, मजदुरहरू कहाँ छटपटाइरहेका छन् त्यसको मतलब छैन । जनता र राष्ट्रका आवश्यकता शिक्षा, स्वास्थ्य र रोजगारीका सवालहरू त्यतिकै छन् । विकासको दरिलो जग राख्ने बारेमा कसैको ध्यान गएको छैन । जनता निराशाको भुमरीमा छन् । देश असफल हुने अवस्थामा पुगिसक्यो । पार्टीका कार्यकर्तालाई चाहिँ भक्तको भूमिकामा रमाएर आफ्नै भगवान्को जयजयकार गर्नु छ । जसको फलस्वरूप देशमा कुशासन मौलाइरहेको छ । उसलाई त देश एउटा मन्दिरको प्राङ्गण हो जस्तो लाग्छ । भगवान्लाई भक्तको चाहना पूरा गर्न र भक्तको संख्या गन्न नै धमाधम छ ।

सुशासनका तमाम आवश्यकता र मानकहरूलाई तिलाञ्जली दिएर नेताको विवेक र इच्छामा निर्भर राजनीतिको पक्षपोषण गर्ने हराइसकेको अभ्यास र परम्परा रहेकैले नेपाली राजनीतिमा एउटा योग्य राजनेताको अभाव खड्किरहेको छ । जनताका तमाम माग र देश विकासका सवाल ओझेलमा पारेर नेताका स्वार्थ र दलगत अन्तर्द्वन्द्वले जनतामा विद्रोहको भाव पलाउँदै गएको स्पष्ट देखिन थालेको छ । विपक्षीलाई दावनीकरण गर्ने एउटा अन्त्यहीन कुचक्रमा भक्त कार्यकर्ताहरू संलग्न भएका छन् । कसका कुरा ठिक र को बेठीक, कुन पक्ष सत्य र कुन पक्ष असत्य, मूल्यको कसीमा तौलने भन्दा पनि देवताको भजन गाउनेको संख्या हेर्दै देवताको मान बढाउने अनौठो होडबाजी चलेको छ ।

*लोकान्तर अनलाइनबाट साभार ।*

## बीस वर्ष...............

पछि शब फेला परेको प्रहरीलाई बयान दिनुभएको छ । प्रारम्भिक पोष्टमार्ट रिपोर्टमा पानीमा डुबेको कारणले सास रोकिएको र त्यो बेला महिलाको पेटमा ४ महिनाको बच्चा रहेको बताइएको छ । घटनाको फैसला हुन बाँकी छ ।

**घटना नम्बर २**
**मिति: २०५८ जेठ १३ गते**

बागलुङ नगरपालिका- ६ का १७ बर्षिय भीम बहादुर विक लगायत ६ जना युवाहरु २०५८ जेठ १३ गते बेपत्ता भए । २०५८ जेठ १३ गते कालिका भगवती मन्दिरमा आफन्तको ब्रतबन्धमा आएका विकको टोली बागलुङ नगरपालिका-१ मालढुंगामा खाजा खाएर बाहिर हासोठट्टा गर्दा होहल्ला भएको भन्दै स्थानीयसँग झगडा भयो । झगडा पछि साविक बागलुङ नगरपालिका-६ का भीम बहादुर विक सहित ६ जना युवाहरु बेपत्ता भए ।

प्रहरीले २०५८ जेठ १५ गते भीम बहादुर विकको शब नारायणस्थान-९ तालखोला कालिगण्डकी किनारमा फेला पारेको थियो । अन्य युवाहरुले पछि परिवारको सम्पर्कमा आए ।

विकको शब फेलापरेपछि उनका बुबा ४७ बर्षिय ओमबहादुर विकले सनाखत गरी मालढुंगाबाट लखेटेर बानपा-१ कै खुद्रेकेमा ६ जनालाई घेरा हालेर भीम बहादुरलाई मारेर खोलामा फालेको भन्दै प्रहरीमा जाहेरी दिनुभएको थियो ।

पर्वत शालिजा-६ का ६० बर्षिय चन्द्र बहादुर पुन, बागलुङ रुद्रेपिपलका २२ बर्षिय केदार खत्री, उनका बुबा र आमा, बानपा-१ रामरेखाका ६५ बर्षिय छबिलाल पौडेल, भकुण्डे-९ का ४७ बर्षिय खडक बहादुर शाहि, बानपा-१ का २३ बर्षिय केदार शर्मा, २० बर्षिय दयाराम पौडेल, बानपा-१ का कृष्णप्रसाद उपाध्याय, ७७ बर्षिया हरिकला उपाध्याय, पाङ-५ पर्वतका ५७ बर्षिय कृष्णप्रसाद शर्मा सुवेदी, सिगाना चनौटेका २४ बर्षिय दिपक मल्ल, पाङ-४ पर्वतका २३ बर्षिय राम बहादुर क्षेत्री, ४३ बर्षिय रमेश लामा, २५ बर्षिय कृष्ण श्रेष्ठ र जीत बहादुर भण्डारीलाई प्रतिवादी बनाएर जाहेरी दिनुभएको थियो ।

प्रहरीले विस २०५८ असार ३ गते जीत बहादुर भण्डारी, छबिलाल पौडेल, खडक बहादुर शाही र चन्द्र बहादुर पुनलाई पक्राउ गरी अनुसन्धान अगाडी बढाएको थियो । प्रहरीले अनुसन्धान गरी असार २७ गते जिल्ला अदालतमा मिसिल (फाइल) पठाए पनि फरार आरोपि पक्राउ गरी अनुसन्धान गर्ने भन्दै फाइल फिर्ता पठाएको र हिरासतमा रहेका चार जनालाई प्रहरीको सम्पर्कमा रहनुभन्दै रिहा गरिदिएको थियो ।

सोहि समयमा गरिएको अनुसन्धानमा बेपत्ता भएकाहरुले आफुहरुलाई लखेटेर घेरा हालेको तर आफुहरु त्यहाँबाट भागेर बाँचेको प्रहरीमा बयान दिएका थिए । प्रहरीले २०७८ सालमा २० बर्ष वित्तिसकेका फाइल खोल्दा अहिले आरोपित नभेटिएकोले फाइल पुन: जिल्ला अदालतमा बुझाएको थियो । अदालतले हाजिर हुन भन्दै आरोपितहरुको घरमा प्रहरीलाई पठाएर अदालतमा हाजिर हुन सूचना टाँसेको थियो ।

अदालतले सूचना गरेपछि भदौ ११ गते कृष्णप्रसाद उपाध्याय र हरिकला उपाध्याय अदालतमा हाजिर भएका थिए । उनीहरुलाई अदालतले सोहिदिन साधारण तारिकमा छोडेको छ ।

आरोपितहरु मध्य १ जनाको मृत्यु भइसकेको भन्ने जानकारी आएको र अरुलाई हाजिर हुन आदेश दिइएको जिल्ला प्रहरी कार्यालय बागलुङका अनुसन्धान अधिकृत प्रहरी निरीक्षक बिजय भण्डारीले जानकारी दिनुभयो ।

उल्लेखित दुवै घटना २० वर्ष अगाडीका हुन् । जिल्ला प्रहरी कार्यालय बागलुङले पुराना मुद्धाहरुको फाइल खोल्न सुरु गरेसँगै दुई घटनाको अनुसन्धान पुरा गरि अदालतमा पेश गरेको हो । प्रहरी कार्यालयमा ३० वटा पुराना मुद्धाहरु दर्ता छन् । अनुसन्धान पुरा नभएको भन्दै अदालतबाट फिर्ता आएका मुद्धाको थप अनुसन्धान गरी पुन: अदालतमा पेश गर्न थालेको प्रहरी निरीक्षक भण्डारीको भनाई छ ।

प्रहरी निरीक्षक भण्डारीले २० वर्ष अगाडीका मुद्धाहरुको पुन: अनुसन्धान गर्न चुनौति रहेको बताउनुभयो । घटना हुँदा जन्मदर्ता र नागरिकता नभएका आरोपिले नाम नै परिवर्तन गर्दा अनुसन्धानमा समस्या भएको प्र.नि भण्डारीको भनाई छ । बागलुङमा पुराना मुद्धा बाँकी रहनुमा भौगोलिक विकटतासमेत चुनौति बनेको थियो । अदालतले अनुसन्धान पुरा नभएको भन्दै पक्राउ परेकाहरुलाई २४/२५ दिनपछि हिरासतमा राख्न नमिल्ने भएको कारण प्रहरीमा हाजिर हुन भन्दै छोडेपछि उनीहरु फरार हुने गरेका थिए ।

पुराना मुद्धाको डकुमेन्ट त्यहि अनुसारको हुने र कागजमा लेखेको कुरा नबुझिने गरेको जिल्ला अदालत बागलुङले जनाएको छ ।

**रुपा हत्याको अनुसन्धान जारी छ: भण्डारी**

बागलुङको चर्चित घटनामा पर्छ रुपा हत्या काण्ड । ७ वर्ष अगाडी (२०७१ भदौ १२ गते) साविकको बागलुङ नगरपालिका-५ (हाल बागलुङ नगरपालिका-३) बोक्से गैरामा साँझ रुपा गौतमको घाँटीमा धारिता हतियार प्रहार गरी हत्या गरिएको थियो ।

मध्यपहाडी लोकमार्गमा साँझको समयमा विच सडकमै एक महिलाको घाटीमा धारिलो हतियार प्रहार गरी हत्या गरिएको उक्त घटनाको दोषिलाई प्रहरीले अझै पक्राउ गर्न सकेको छैन । हरितालिका तिजको बेला माइती पाङ गएर घर दोविल्ला फर्कदै गर्दा जिल्ला प्रहरी कार्यालयबाट ३० मिनेटको दुरीमा पर्ने बोक्से गैरोमा हत्या हुँदा पनि प्रहरीले पक्राउ गर्न सफल नहुँदा हरेक पटक प्रहरी प्रमुखहरु परिवर्तन भएर नयाँ आउँदा धेरैले सोध्ने घटनाको रुपमा रुपा गौतम हत्या काण्डलाई लिइन्छ ।

उक्त घटनालाई नेपाल प्रहरी र केन्द्रीय अनुसन्धान व्यूरो (सिआईबी)ले अनुसन्धान गरिरहेको छ । जिल्ला प्रहरी कार्यालय बागलुङका प्रहरी निरिक्षक भण्डारीले रुपा गौतम हत्या काण्डको अनुसन्धान भइरहेको बताउँछन । परिमाण आउँदैन । प्रहरीले सोधपुछ र अनुसन्धान जारी रहेको रिडिमेट जवाफ दिन्छ । 'अनुसन्धान जारी रहेको छ,' प्रनि भण्डारीले भन्नुभयो- 'अहिले पनि केहि व्यक्तिहरुसँग बुझ्ने काम भइरहेको छ । ढिलो चाडो हत्यारा पत्ता लगाउने छौं ।' 'प्रहरी कार्यालयमा दर्ता भएका सवै मुद्धाहरुको अनुसन्धान भइरहेको छ,' प्रनि भण्डारीले भन्नुभयो-'हरेक हप्ता प्रदेश कार्यालय र केन्द्रीय कार्यालयमा हामीले सवै घटनाहरुको प्रगति विवरण बुझाउनुपर्छ । त्यसैले हामीले सवै घटनाको अनुसन्धान जारी राखिरहेका छौ ।'







